# महाशिला गाउँपालिका, पर्वत
# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

१. गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरु तथा महाशिला गाउँपालिकाका सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समृद्धि एवं अग्रगमनका लागि भएका सबै राजनीतिक परिवर्तन तथा आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । सो को नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण राजनीतिक दल तथा दलका नेताहरुप्रति आभार प्रकट गर्दछु ।

३. नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनीतिकरुपमा संरचना निर्माण भएका स्थानीय तहहरुको राजनीतिक प्रतिनिधित्वमार्फत नागरिकको घरदैलोको सरकारको रुपमा महाशिला गाउँपालिका स्थापित हुँदै आएको छ । **सरकारको नजिक नागरिक** र **नागरिकको नजिक सरकार** भन्ने स्थापित मान्यतालाई विभिन्न माध्यमबाट सम्बोधन गर्दै नागरिकको सुख र खुशीका लागि विगतदेखि नै प्रयास गर्दै आएको र सो प्रयासलाई निरन्तरता दिइएको छ । **समृद्ध नेपाल सुखी नेपाली**को वृहत छाताभित्र रही **समृद्ध गाउँपालिका, सुखी नागरिक**को यस गाउँपालिकाको सोंचलाई व्यवहारगतरुपमा अभ्यास गर्दै आइएको छ । यसै सन्दर्भमा, नागरिकको थप सुख र खुशीका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को लागि गाउँपालिकाको सोंचसहितको यो नीति तथा कार्यक्रम यस सभामा पेश गरेको छु ।

४. यस नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, स्थानीय शासनसम्बन्धि भएका नीतिगत व्यवस्थाहरु, १६ औं पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका सोंच तथा उद्देश्यहरु, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र प्रदेश नीति तथा योजना आयोगले गरेका व्यवस्थाहरु, स्थानीय तहको दोश्रो आमनिर्वाचनका सम्बन्धमा भएका चुनावी घोषणापत्रहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकासका लक्ष्य २०३० को मार्गचित्र तथा महाशिला गाउँपालिकाभित्रका सबै नागरिकहरुको आमचासो र सपनाहरुका अतिरिक्त परोक्ष प्रत्यक्षश्रपमा प्राप्त सुझावहरुलाई मूल आधारको रुपमा स्विकार गरेको छु ।

५. समाजमा भिन्न भिन्न अवस्था र बेलामा प्रकट भएका मौजूदा शासकीय व्यवस्थाप्रतिको अफवाह र बुझाइमा रहेको भिन्नतालाई समेत सम्बोधन गरी संवैधानिक मर्मलाई आत्मसात गरी अवस्थामा सुधार र व्यवस्थाको दीगोपनाका लागि टेवा पुग्ने किसिमले यो नीति तथा कार्यक्रम तयार गरेको छु ।

६. स्थानीय तहको दोश्रो निर्वाचनमार्फत निर्वाचित हामी गाउँसभाका सदस्यहरुले कार्यभार सम्हालेको चार वर्ष पूरा भएको छ । यस अवधिमा विगतको तुलनामा गाउँपालिकाभित्र उल्लेख्य रुपमा लगानीको रकम विनियोजन गरी प्रतिफल हासिल गर्न सुरु भएको छ । नागरिकका दुःखमा मलम लगाउने प्रकृतिका ससाना प्रकृतिका आयोजनाबाट हाम्रा आवश्यकतालाई पूरा गर्ने गरी पूर्ण रुपमा इमानदारिता र समझदारीता कायम गरी सेवा प्रवाह र विकासात्मक कार्यहरु भएका छन । नागरिकको स्थानीय तहको सरकारसँगको विश्वाशमा उल्लेख्य मात्रामा वृद्धि भएको महशुश गरेको छु ।

७. महाशिला गाउँपालिकालाई शिक्षा, कृषि, पशु र पर्यटनको क्षेत्रमा यस क्षेत्रकै गन्तव्य स्थानीय तहको रुपमा पहिचान स्थापित गराउने गरी आगामी नीति तथा कार्यक्रम निर्धारण गर्ने गरी आवश्यक नीतिगत व्यवस्था मिलाउने गरी नीति निर्माण गरेको छु । उद्यमशीलता प्रबर्द्धनलाई विशेष जोड दिई यहीं सम्भावना छ भन्ने सोंचको विकास गरी बसाइसराइमार्फत हुँदै गएको रित्तो घर र रित्तो गाउँलाई पुनः जीवन दिने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरेको छु । Youthless and Toothless पारिवारिक, सामुदायिक संरचनालाई सबल र सक्षम जनशक्तियुक्त समुदायको रुपमा कायम गर्ने गरी आवश्यक नीतिको तर्जुमा गरेको छु ।

८. शिक्षा क्षेत्रमा विशेष प्रविधि भित्र्याई विद्यार्थीको सिकाइ र मूल्यांकनलाई Real Time Evalautaion and Feedback मार्फत सिकाइको गुणस्तरीयता थप प्रभावकारी बनाउने गरी आगामी आर्थिक वर्षको नीतिले यथेष्ट सम्बोधन गर्ने विषय समेत यसै सभामार्फत जानकारी गराउँछु ।

९. आन्तरिक भ्रमण संस्कृतिको विकास हुँदै गएको, गण्डकी प्रदेश आफैंमा पर्यटकीय भूभाग रहेको र पर्वत जिल्लामा बढ्दै गएको पर्यटकीय गतिविधिबाट यस गाउँपालिकाले समेत लाभ लिन सक्ने गरी आगामी आर्थिक वर्षलाई **घुम्न जाउँ महाशिला कार्यक्रम** सञ्चालन गरी पर्यटकीय गतिविधिको जोड दिने गरी आगामी नीति तथा कार्यक्रम तय गरिएको व्यहोरा समेत यस सभामार्फत आम नागरिकलाई अनुरोध गर्दछु ।

१०. स्थानीय तह स्थापना हुनुपूर्वको यस स्थानीय तहअन्तर्गतका तत्कालिन गाउँहरुको अवस्थादेखि हालसम्मको अवस्थामा आएको परिवर्तनको पार्श्वचित्र झल्कने गरी समृद्धिका कार्यक्रमहरुको एकमुष्ट प्रतिवेदन सार्वजनिक गरी स्थानीय तहको आवश्यकता र औचित्यता पुष्टि हुने गरी नागरिक सचेतना अभिवृद्धि गर्ने गरी कार्यक्रम सञ्चालनका लागि आवश्यक नीतिको अख्तियार गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**११. विद्यमान अवसरहरु**

(क) संविधानतः विभिन्न २२ वटा एकल अधिकारसहित साझा अधिकारक्षेत्रको निर्दिष्टता ।
(ख) अधिकारक्षेत्रभित्रका विषयहरुमा कानून निर्माणको अभ्यास र कानूनी पालना ।
(ग) धार्मिक लगायतका पर्यटकहरुलाई आकर्षण गर्न सकिने सम्भावना ।
(घ) कृषि र पशुपालनको सम्भावनायुक्त भौगोलिक परिवेश ।
(ङ) विकास र सेवा प्रवाहप्रति आमनागरिकको चासो ।

**१२. चुनौतीहरु**

(क) **गाउँभित्रै सम्भावना छ** भन्ने आशा आम युवाहरुमा कायम गराउनु ।
(ख) अत्यन्त न्यून मात्राको आन्तरिक आय ।
(ग) उत्पादित कृषिजन्य उत्पादनको दीगो बजारको पहुँच र बजारीकरणको अभ्यास गर्नु ।
(घ) प्रविधिमा आधारित शिक्षण क्रियाकलाप र मूल्यांकन परिपाटीको स्थापना गर्नु ।
(ङ) सरकारप्रति नागरिकको भरोसामा अभिवृद्धि गर्नु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**१३. अब म हालसम्म प्राप्त उपलब्धिहरुको क्षेत्रगत अति संक्षिप्त व्यहोरा प्रस्तुत गर्दछु ।**

**(क) शिक्षा क्षेत्र**

एसइइ परीक्षालाई थप व्यवस्थित र मर्यादित बनाउँदै वास्तविक सिकाइका आधारमा विद्यार्थीको परीक्षा सञ्चालन गरिएको । यसबाट प्रत्येक विद्यार्थी र विद्यालयको वास्तविक शिक्षण नतिजा प्राप्ति भएको । सुरुमा रहेको १८ प्रतिशतको नतिजा तथा शैक्षिक सत्र २०८१ मा करिब २७ प्रतिशत रहेको एसइइ परीक्षाको नतिजा हाल झण्डै ३७ प्रतिशतले वृद्धि भई शैक्षिक सत्र २०८२ मा सो नतिजा करिब ६४ प्रतिशत रहेको । गाउँपालिकाबाट सञ्चालन गरिएको विभिन्न ७ ओटा सामुदायिक विद्यालयमा रहेको दिवा आवासीय कार्यक्रम र अन्य शैक्षिक क्रियाकलापहरुका कारण एसइइ परीक्षाको नतिजामा भएको उपलब्धि हासिल गर्न सकिएको । उत्तीर्ण हुन सफल नभएका विद्यार्थीहरुलाई लक्षित गरी वडा नं.१ को श्री सूर्य माध्यमिक विद्यालयमा एक महिनाको निःशुल्क आवासीय तयारी कक्षा सञ्चालन गरिएको ।

उपलिब्ध मापन परीक्षाको प्रारम्भमा रहेको २८ प्रतिशतको नतिजामा २५ प्रतिशत वृद्धि भई शैक्षिक सत्र २०८२ को उपलब्धि मापन परीक्षाको नतिजा ५३ प्रतिशत रहेको । केही विद्यालयहरुबाहेक अन्य विद्यालयहरुको त्यस्तो नतिजा प्रधानाध्यापकसँग भएको कार्यसम्पादन सम्झौताको शर्त (५५ प्रतिशत नतिजा) अनुसार हासिल भएको ।

विद्यालयमा भएको शिक्षण क्रियाकलापको प्रत्यक्ष अनुगमन गर्ने गरी ३ ओटा विद्यालयमा प्रविधियुक्त अनुगमन प्रणाली (सिसिक्यामेरा जडान) विकास भएको । हाल थप नौ विद्यालयमा त्यस्तो अनुगमन प्रणाली स्थापना गर्ने कार्य करिब सम्पन्न हुने अवस्थामा रहेको ।
विद्यालयलाई इन्धन र मोटरसाइकल मर्मत कार्यका लागि नेपालमै पहिलोपटक सुविधा उपलब्ध गराउने अभ्यास सुरु गरिएको ।

शिक्षकको अभावका कारण अध्यापन कार्यमा पर्न सक्ने प्रभावलाई न्यूनिकरण गर्न आवश्यकता अनुसार स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको ।

पढ्दै कमाउँदै कार्यक्रमबाट आम्दानी भएको रकम राष्ट्रिय वाणिज्य बैंक, लुँखुदेउराली शाखासँगको समन्वयमा विद्यार्थीको खाता खोली जम्मा गर्ने कार्य २ ओटा विद्यालयमा सुरु भएको छ ।

**(ख) कृषि तथा पशुपालन क्षेत्र**

गाउँपालिकाभित्रका सबै कृषकको कृषिजन्य उत्पादनको बजारमाथिको पहुँच स्थापना गरी बजारीकरण कार्यमा सहजीकरण गर्न सहकारीहरुसँगको समन्वयमा उत्पादन अनुदान र २ जना बजार प्रतिनिधीको व्यवस्था गरिएको । पछिल्लो २० महिनामा तरकारी, फलफूल तथा खशीबोकाको बिक्रीबाट गाउँपालिकाभित्रका कृषकहरुले कूल रकम रु ८ करोड १३ लाख २१ हजार ५५८ आम्दानी गर्नुभएको ।

गाउँपालिकासँगको समन्वयमा गैह्रसरकारीसंस्थामार्फत भएका कार्यक्रमहरुमार्फत ८८३ कृषक परिवारको लागि तालिम तथा बीउ र बेर्ना उपलब्ध गराइएको ।

स्थानीय लिमि पाराकोटे जातको भैंसीको जगेर्नाका लागि त्यस्ता जातको पाडापाडीको लागि विशेष भत्ताको व्यस्था गरिएको । करिब १५० पाडापाडी संरक्षणका लागि सो कार्यक्रम अन्तर्गत कृषक लाभान्वित रहेका । कृत्रिम गर्भाधान कार्यक्रममार्फत उन्नत नश्लका पाडापाडी जन्म भई केही वर्षमा दूग्धजन्य उत्पादनमा उल्लेख्य बढोत्तरी हुने देखिएको ।

**(ग) घर फर्क प्याराप्यारी कार्यक्रम**

रित्तिँदै गरेका गाउँमा पुनः बस्ति र बसाइ विकासका लागि लागू गरिएको घर फर्कप्याराप्यारी कार्यक्रमबाट हालसम्म १५ घरपरिवार अन्यत्रबाट बसाइ फिर्ता गरी गाउँपालिकाभित्र आएका । यसबाट आगामी दिनका लागि आधार तय हुनुका साथै कार्यक्रमप्रति आम नागरिकको विश्वाश सिर्जना भएको ।

**(घ) निर्माण स्यवंसेवक कार्यक्रममार्फत रोजगारी सिर्जना**

आर्थिक वर्ष २०८१/८२ मा १७५ जना निर्माण स्वयंसेवकहरुलाई मौसमी रोजगारी प्रदान गरिएको । आर्थिक वर्ष २०८२/८३ मा त्यस्तो संख्या ११८ रहेको । अत्यन्त न्यून आय भई गरिबीको चपेटामा रहनु परेका परिवारहरुको आयआर्जनमा उक्त कार्यक्रमले प्रभावकारी भूमिक निर्वाह गरी अप्रत्यक्षरुपमा बसाइसराइको बाध्यतालाई न्यूनीकरण गरेको ।

**(ङ) धार्मिक तथा पर्यटन क्षेत्र**

वडा नं. १ को पैयूँकोट मन्दिर क्षेत्र, वडा नं. ५ को महाशिला शिला क्षेत्र र वडा नं. ६ को फलामखानी डाँडा क्षेत्रलाई धार्मिक तथा पर्यटकीय सम्भावनाको विकासका लागि आवश्यक पूर्वाधार निर्माणका कार्यक्रमहरु सञ्चालन गरिएको । पैयूँकोटको सौन्दर्यकरण कार्यका लागि पोखरीको निर्माण, कलात्मक ढुँगासहितको पदमार्गको विकास, आवासीय भवनको निर्माणको सम्पन्न गरिएको । महाशिला शिला क्षेत्रमा पहुँचमार्गको स्तरोन्नतिका साथै १०८ धारासहितको संरचना निर्माण कार्य सम्पन्न गरिएको । उक्त क्षेत्रमा आउने यात्रुका लागि आवश्यकता अनुसार सञ्चालन गर्ने गरी आश्रम निर्माणको कार्य सम्पन्न गरी आगामी आर्थिक वर्षको प्रारम्भसँगै सञ्चालन हुने गरी व्यवस्था मिलाइएको । वडा नं. ४ को लामतुन ग्रामीण पर्यटनलाई प्रचार गरी उत्कृष्ट होमस्टेको रुपमा अगाडी बढाइएको ।

**(च) पूर्वाधार क्षेत्र**

गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई नयाँ प्रशासकीय भवनमार्फत सेवा प्रदान सुरु गरिएको । गाउँपालिकालाई अन्य स्थानीय तहसँग जोड्ने गरी घण्टे-फलामखानी-लुँखु मोटरबाटोको घण्टे देउरालीबाट वडा नं. ६ को वडा कार्यालयसँग पक्की बाटो निर्माण कार्य धेरैजसो स्थानमा सम्पन्न हुने अवस्थामा रहेको । पैयूँ गाउँपालिकाको सिमानादेखि वडा नं. १ को वडा कार्यालयसम्म आउने मोटरबाटोको ढलान तथा स्तरोन्नतिको कार्य समेत करिब सम्पन्न हुने अवस्थामा रहेको । प्रादेशिक कार्यालयसँगको समन्वयमा लुँखु-हुवास मोटरबाटोको कालोपत्रे गर्ने कार्य समेत लभगभ सम्पन्न अवस्थामा रहेको । हालसम्म गाउँपालिकाभित्र कूल १९० किलोमिटर सडकको पहुँच पुगेको जस मध्य ११.८ किमि कालोपत्रे, १६.७ किमि ढलान , १६.१ किमि सोलीङ्ग र १४५.४ कि.मि माटे सडक रहेको ।

**(छ) जनश्रुति र इतिहासको अभिलेखीकरण तथा संस्कृतिको जगेर्ना**

गाउँपालिकाभित्रका सबै वडाका ७० वर्षमाथिका नागरिकहरुको प्रतिनिधीमूलक अडियो रेकर्ड गरी प्रत्येक गाउँको पुरानो इतिहास, सामाजिक अवस्था र उक्त क्षेत्रमा रहेको सामाजिकताको जगेर्ना गर्ने गरी old citizen audio bank निर्माण गरिएको । यसबाट यस स्थानीय तहभित्रको पुरानो इतिहास र सामाजिक अवस्थाको अभिलेखीकरण सम्पन्न भएको ।

नेपालमै पहिलोपटक गुरुङ भाषाको स्थानीय खेमा लिपीमा गाउँपालिकाको नीति तथा कार्यक्रम प्रकाशन गर्ने कार्य सुरु गरिएको । चालू आर्थिक वर्षमा विभिन्न विद्यालयमा अध्यापनरत २० जना शिक्षकहरुलाईउक्त लिपीको ज्ञान दिने गरी तालिम कार्यक्रम सम्पन्न गरिएको ।

**(ज) सुशासन**

सेवा प्रवाह र आर्थिक अनुशासनको पालनाको लागि पूर्ण कानूनी व्यवस्थाको पालना सुनिश्चित गरिएको । आर्थिक वर्ष २०८१/८२ को महालेखापरीक्षकको कार्यालयबाट भएको लेखापरीक्षणमा शुन्य बेरुजू कायम गरिएको । नेपालभरिका जम्मा ३ ओटा स्थानीय तहहरु शून्य बेरुजूयुक्त भएकोमा यस स्थानीय तह समेत सो सूचिमा रहेको । यसबाट समग्र नेपालभरिका स्थानीय तहहरुमा यस स्थानीय तह उदाहरणीय बन्न सफल रहेको ।

चालू आर्थिक वर्षबाट कर्मचारीको हाजिरीलाई विद्युतीय हाजिरी प्रणालीबाट ट्र्याकिङ सुरुवात गरिएको ।

**गाउँसभाका सदस्यज्यूहरु,**

१४. अब म आगामी आर्थिक वर्षका लागि तय हुने वार्षिक विकास कार्यक्रम (बजेट तथा कार्यक्रम) का लागि अख्तियार गरिने क्षेत्रगत नविन नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**शिक्षा क्षेत्र**

(क) सरकारी तलबभत्ता लिने जनप्रतिनिधी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका सन्तानले अनिवार्यरुपमा सामुदायिक विद्यालयमा अध्ययन गर्नुपर्ने नीतिलाई निरन्तरता दिँदै सो को थप प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ ।

(ख) पुस्तकालय, बुक कर्नर जस्ता भौतिक र शैक्षिक पूर्वाधारमा विशेष जोड दिइनेछ । भूगोल, धर्म, संस्कृति, मौलिक कला, रीतिरिवाज, मूल्यमान्यता, रैथाने ज्ञान र सीप जस्ता विषयहरुलाई समावेश गर्ने गरी स्थानीय पाठ्यक्रमको अद्यावधिक गरिनेछ । साथै, यसलाई थप व्यवस्थित गराउँदै सन्दर्भ सामग्री र पाठ्यवस्तु समेतको उपलब्धता (डिजिटल समेतमा) कायम गरिनेछ ।

(ग) यहाँ केही हुँदैन, विदेश जानुपर्छ भन्ने चिन्तनको सट्टा यहीं स्वदेशमै केही गर्नुपर्छ भन्ने धारणा विकासका लागि विद्यालयहरुमा सकारात्मक सोंचका कक्षा तथा तालिमको व्यवस्था मिलाइनेछ ।

(घ) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने गरी Learning to Business Corridor को अवधारणाको विकास गरिनेछ । यसले विद्यार्थीको पारिवारिक आयआर्जनमा समेत टेवा पुग्नेछ ।

(ङ) पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत सहभागी हुने विद्यार्थीको बैंक खाता खोली रकम जम्मा गर्ने कार्य राष्ट्रिय वाणिज्य बैंकको सहकार्यमा विस्तार गरिनेछ ।

(च) विद्यार्थी संख्या न्यून वा शून्य भएका विद्यालयहरुलाई नजिकका ठूला विद्यालयसँग समायोजन गर्ने वा शिक्षक समायोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । इसिडी कक्षालाई यथावतरुपमा नै निरन्तरता दिने वा आवश्यकता अनुसार ठूला विद्यालयको विस्तारित कक्षा शाखाको रुपमा आवश्यक व्यवस्था मिलाइनेछ ।

(छ) कला, साहित्य र सिर्जनामा विद्यालयदेखि नै अभिरुचि विकास गर्ने उद्देश्यसहित विद्यालयका शिक्षकर विद्यार्थीहरुको सहभागिता रहने गरी विशेष साहित्य उत्सव आयोजना गरिनेछ ।

(ज) सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रत्येक चौमासिक अवधिमा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने गरी अनिवार्य सूचकको व्यवस्था गरिनेछ । तोकिए बमोजिमका सिपमूलक कार्यक्रम सञ्चालन नगर्ने सिकाइ केन्द्रलाई प्रदान गरिने अनुदान रकममा रोक्का गर्ने वा सामुदायिक सिकाइ केन्द्र अन्य स्थानमा सार्ने कार्य गरिनेछ ।

(झ) विद्यालयमा शिक्षक अभाव वा अनुपस्थितीमा समेत तोकिएको सिकाइ कक्षालाई निरन्तरता दिने गरी आगामी आर्थिक वर्षदेखी **नयाँ कार्यक्रमको रुपमा** कक्षा चार देखि माथिका कक्षाहरुमा अनलाइनमा आधारित कक्षाहरु सञ्चालन गरिनेछ । साथै, प्रत्येक पाठको सिकाइ उपलब्धि मापनका लागि मोबाइल एपको प्रयोग गरी Real Time LearningAssessment and Feedback कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तो मूल्यांकन नतिजा

सम्बन्धित विद्यार्थीको अभिभावक, सम्बन्धित विषय शिक्षक, प्रधानाध्यापक र गाउँपालिकाको कार्यालयमा तत्कालै प्राप्त गर्न सकिने गरी व्यवस्था मिलाइनेछ ।

(ञ) कक्षा आठभन्दा माथिका कक्षाहरु पूर्ण आवासीय रुपमा सञ्चालन गर्ने विद्यालयलाई सो को व्यवस्थापन खर्चका रुपमा निश्चित रकम अनुदान दिने व्यवस्था मिलाइनेछ । कक्षा ११-१२ सञ्चालन गर्ने नयाँ विद्यालयलाई निश्चित रकम निःशर्त अनुदान उपलब्ध गराइनेछ ।

(ट) स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुको हालको सुविधा रकममा पुनरावलोकन गरी निश्चित रकम बृद्धि गरिनेछ । आवासीय विद्यालयका लागि प्रदान गरिएका कर्मचारी, भासे तथा वाडेनको सुविधा रकम समेतस्वयंसेवक सरह बनाइनेछ ।

ठ) गाउँपालकिाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि शिक्षा क्षेत्रमा काम गरि रहेका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ स्रस्थासँगको समन्वय र साझेदारीमा शिक्षक तालिम तथा नवप्रवर्तन शैक्षिक कार्यहरु सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

**कृषि तथा पशुपालन क्षेत्र**

(क) भू उपयोग ऐन र नियमावलीले गरेको व्यवस्था अनुसार जग्गा वर्गीकरणको कार्य सम्पन्न भएको छ । कृषि क्षेत्रमा लगानी गर्नका लागि सहकारी संस्था वा वाणिज्य बैंकबाट कृषि ऋण लिएका कृषकहरुकोऋणमा तिरेको ब्याज रकम तोकिए अनुसार गाउँपालिकाले व्यहोर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(ख) प्रदेश सरकार वा अन्य गैह्र सरकारी संस्थासँगको समन्वयमा असल कृषि अभ्यास कार्यक्रमGood Agricultural Practice को सुरुवात गरिनेछ । महाशिला गाउँपालिकाबाट उत्पादित कृषिजन्य उत्पादनको प्राङ्गारिकताको प्रमाणिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) उत्पादन महाअभियान अन्तर्गत फलफूल, तरकारी, दूग्धजन्य उत्पादन र खशीबोकामा दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।

(घ) सहकारी संस्थासँगको समन्वय र सहकार्यमा कृषि एम्बुलेन्समार्फत गाउँपालिकाभित्रको सबै कृषिजन्य उत्पादनको बजारीकरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ । प्रत्येक घरमा उत्पादन भएको कृषिउत्पादनबजारको अभावमा कुहिन दिइने छैन ।

(ङ) Product of Mahashila को लोगोमा गाउँपालिकाभित्र उत्पादित दलहन बालीको बजारीकरणको कार्य सुरु गरिनेछ ।

(च) संघीय सरकारको विशेष अनुदानको कार्यक्रम अन्तर्गत रही तरकारी खेती प्रणालीका संरचना विकास गर्ने तथा आवश्यक तालिम प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**पर्यटन, वन तथा वातावरण क्षेत्र**

(क) वडा नं. १ को पैयूँकोट मन्दिर क्षेत्र, वडा नं. ५ को महाशिला शिक्षा क्षेत्र र वडा नं. ६ को फलामखानी क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्रको रुपमा प्रचार गर्ने अभियान सञ्चालन गरिनेछ । सो का लागि मिडिया क्षेत्रसँगको समन्वय र सहकार्य गरिनेछ । महाशिला शिला क्षेत्रमा आउने तिर्थालुलाई आवश्यक बास तथा खानाको व्यवस्थाका लागि सोही क्षेत्रमा रहेको भवन प्रयोग गरिनेछ । महाशिलाको पहिचानको रुपमा रहेको वडा नं. ४ को लाम्तुन सामुदायिक ग्रामिण होमस्टेलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सहयोग गरिनेछ ।

(ख) तत्कालिन पैयूँ राज्यको पहिचानको रुपमा रहेको **गुर्धुमपोखरी**लाई पुरातात्विक स्वरुप झल्कने गरी संरक्षण तथा संरचना निर्माण गरी यस भेगको ऐतिहासिकता कायम गरिनेछ । साथै, यस क्षेत्रको तत्कालिन पैयूँ राज्यको इतिहासको खोज सामग्री संकलन तथा प्रकाशनका लागि आवश्यक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । उक्त राज्य तथा मन्दिरका सम्बन्धमा भएका पुराना अभिलेखहरुको संकलन गरी डिजिटल रुपमा सुरक्षित राख्ने कार्य गरिनेछ ।

(ग) गुम्बाहरुको संरक्षण तथा स्तरोन्नतिका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(घ) रिचार्जेवेल पोखरीहरुको निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ । पानीका मूलहरुको संरक्षणमा विशेष जोड दिइनेछ ।

**स्वास्थ्य क्षेत्र**

(क) घरघरमा स्वास्थ्यकर्मी अभियानमार्फत घरमै गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । ४० वर्ष भन्दा माथिको उमेरका नागरिकहरुमा नसर्ने रोगको परीक्षणका लागि प्रदेश सरकारसँगको समन्वयमा आवश्यक शिविर सञ्चालन

गरिनेछ । महाशिला आधारभूत अस्पतालमा मासिक रुपमा विशेषज्ञ सेवा प्रदान गर्ने गरी थालनी गरिएको कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

(ख) स्थानीय रैथाने ज्ञानमा आधारित जडीबुटीको माध्यमबाट गरिँदै आएको उपचार प्रणालीलाई दीगोपना दिनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्ता उपचार पद्धतिको अभिलेखीकरण गर्ने कार्य गरिनेछ ।

(ग) विद्यालयहरुमा योगा कक्षा सञ्चालनका लागि उत्प्रेरणामूलक कार्यक्रम गरिनेछ ।

(घ) महाशिला आधारभूत अस्पतालमा व्यवस्थापन गर्नुपर्ने अत्यावश्यक उपकरणहरु जडान कार्य सम्पन्न गरिनेछ ।

**स्वयंसेवक कार्यक्रम क्षेत्र**

(क) महाशिला स्वयंसेवक कार्यक्रमअन्तर्गत सहभागी हुने निर्माण स्वयंसेवकको हालसम्म कट्टी गर्नुपर्ने रकम जम्मा हुने व्यवस्थाका लागि गाउँपालिकाको संचित कोषबाट व्ययभार हुने गरी छुट्टै कोष स्थापना गरिनेछ । सोही कोषमार्फत त्यस्ता निर्माण स्वयंसेवकको अनिवार्यरुपमा कट्टी गर्नुपर्ने रकम कट्टी गरी निजहरु कार्यक्रमबाट फुर्सद भएको बखतमा सो रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

(ख) आगामी आर्थिक वर्षमा निर्माण स्वयंसेवकलाई परम्परागत डहर तथा गौंडा बाटो शैलीका बाटो निर्माण गर्ने कार्यमा प्राथमिकता दिइनेछ ।

**सडक तथा भौतिक निर्माण क्षेत्र**

(क) महाशिला गाउँपालिकाको प्रवेशद्धारको रुपमा रहेको वाइचोक दुक्तान खण्डमा आरसीआइपी कार्यक्रम अन्तर्गत बाटो निर्माण कार्य सम्पन्न हुनुपर्नेमा हालसम्म उक्त प्रोजेक्टबाट त्यस खण्डको बाटो निर्माण कार्यका लागि पहल सुरु हुन सकेको छैन । एकै क्षेत्रको बाटोमा बहुतहबाट कार्य हुने अवस्था भएमा गाउँपालिकाको तर्फबाट भएको लगानी रकम अन्य क्षेत्रमा लगानी हुनबाट बञ्चित हुने भएको हुँदा हालसम्म उक्त सडक खण्ड स्तरोन्नति हुननसकेको यथार्थता रहेको छ । तसर्थ, चालू आर्थिक वर्षमा गाउँपालिकाको आफ्नै स्रोतबाट उक्त खण्डको तल्लो भागमा ढलानको कार्य भएको छ । आगामी आर्थिक वर्षको माघ महिनाभित्र बाँकी खण्डको ढलान कार्य सम्पन्न हुने गरी योजना सञ्चालन गरिनेछ । वाइचोक दुक्तान खण्ड आगामी आर्थिक वर्षको दोश्रो चौमासिक अवधिसम्म पूर्णरुपमा स्तरोन्नति भइसक्नेछ ।

(ख) स्याङ्गजा जिल्लाको घण्टे बजारको सिमानादेखी वडा नं. ६ फलामखानीको वडा कार्यालयसम्म आगामी आर्थिक वर्षमा सडक स्तरोन्नतिको कार्य सम्पन्न हुनेछ । त्यस्तै, अगुवा होश्राङ्दी र बारेडाँडा अर्गाउँदी सडक समेतमा संघीय सरकार र प्रदेश सरकारसँगको समपूरक अनुदानमा सडक स्तरोन्नतिको कार्य गरिनेछ । बारेडाँडा अर्गाउँदी जुकेखोला सडकलाई बहुवर्षीय योजनाको रुपमा अगाडी बढाइनेछ ।

(ग) सडक तथा बाटो सरसफाइ कार्यका लागि प्रत्येक वडा कार्यालयले सो को व्यवस्थापन गर्ने गरी सम्बन्धित वडाभित्र रहेको कूल बाटोको दूरी तथा प्रकृति अनुसार बजेट विनियोजन गरिने नीति लिइनेछ । यसबाट बाटो सरसफाइमा अपनत्व र दीगोपना कायम हुने विश्वाश छ । गाउँपालिकाको मेशिनरी औजार प्रयोग गरी टुङकुधारा-गानाबाङ, मल्कवाङ-गानावाङ-लुँखु- मिलनचोक-भोक्सिङ-देउराली गैह्रा र वाइचोक-लुँखु, मिलनचोक-बारेडाँडा-होश्राङदी-शुभद्रीखर्क र लुँखु-पाखापानी-शेरा बाटो मात्र सरसफाइ गरिनेछ ।

(घ) पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लाभ-लागत विश्लेषणका आधारमा उच्च नतिजा एवम् प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, विभिन्न कारणले पिछडिएका क्षेत्रहरुलाई मूलप्रवाहीकरणमा ल्याउन सघाउ पुर्‍याउने आयोजनाहरु पहिचान गरी तिनै आयोजनाहरुलाई कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइनेछ । प्रत्येक वडाबाट प्राप्त हुन आएका सबै योजनाहरु स्वतः योजना बैंकको अंग हुने र आवश्यकता अनुसार उक्त योजनाहरुमा बजेट विनियोजन हुने व्यवस्था मिलाइनेछ ।

(ङ) चालू आर्थिक वर्षमा विविध प्राविधिक कारणवश कार्यान्वयन गर्न नसकिएको सडकको भूभागमा परेका जग्गाहरुको श्रेस्ताबाट लगत कट्टा गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षका कार्यान्वयन गरिनेछ ।

**सहकारी तथा सामाजिक समावेशिता क्षेत्र**

(क) गाउँपालिकाभित्र सञ्चालित सहकारीहरुको क्षमता अभिवृद्धिका लागि पहिलो चौमासिक अवधिभित्र नै कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्ता सहकारीमार्फत ऋण लिई सो ऋण नतिर्ने व्यक्तिहरुको तथ्यांक संकलन गरी भाखा नाघेको ऋण नतिर्ने व्यक्तिलाई अनुदानका कार्यक्रममार्फत सुविधा प्रदान नगर्ने नीति लिइनेछ ।

(ख) जाँडरक्सी तथा जुवातास नियन्त्रण, विद्यालय उमेरमै देखिएको धूम्रपान तथा मद्यपानको प्रयोग गर्ने बानी लगायतका विकृतिको निराकरणका लागि आवश्यक उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) छुवाछुत लगायतका असामाजिक व्यवहारको अन्त्य, पिछडिएका दलित वर्गको सशक्तिकरण तथा स्वाबलम्बि महिला विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) समुदाय र गाउँका पुराना कुराहरुको ज्येष्ठ नागरिकको अनुभव सुरक्षित राख्ने कार्यका लागि old citizen audio bank program लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ ।

(ङ) बाल सञ्जाल तथा स्काउट मार्फत विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै उनीहरुको व्यक्तित्व विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(च) विदेशबाट फर्किएकाहरुका लागि गाउँमै केही गर्नका लागि महाशिला रिटर्नी क्लब मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**सेवा प्रवाह तथा सुशासन क्षेत्र**

(क) राष्ट्रसेवक कर्मचारीहरुको कार्यसम्पादनस्तर अभिवृद्धि गर्न उत्प्रेरणामूलक कार्यक्रम तथा आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

(ख) हेलो सरकारमार्फत प्राप्त हुने गुनासोको सम्बोधनका लागि डेडिकेटेड स्टाफको व्यवस्था मिलाइनेछ । साथै, आगामी आर्थिक वर्षदेखि नागरिकको गुनासो सुन्ने र सो को आवश्यक सहजिकरण गर्न समेत सोही डेडिकेटेड स्टाफलाई काममा लगाइनेछ । गाउँपालिकाभित्रका नागरिकको गुनासो सुन्नका लागि हटलाइन मोबाइल नम्बरको व्यवस्था गरिनेछ । साथै, प्रशासकीय कार्यालयमा सेवाग्राहीको सहजिकरणका लागि समेत सोही स्टाफ रहने र सेवाग्राहीले लिने सेवाका लागि निजले नै पूर्ण जिम्मेवार हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ । यसका लागि कार्यालयमा **डेडिकेटेड सेवा केन्द्र**को स्थापना गरिनेछ ।

(ग) सार्वजनिक सम्पत्तीको पूर्ण अभिलेखीकरणका लागि सबै वडा कार्यालय र स्वास्थ्य संस्थाका अतिरिक्त विद्यालयहरुमा समेत सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्यरुपमा लागू गर्नुपर्ने नीति अंगीकार गरिनेछ ।

(घ) जिल्ला बाहिरको कम्तिमा एक ओटा स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गरी अन्तर स्थानीय तह सम्बन्धको औपचारिक सुरुवात गरिनेछ ।

(ङ) गाउँपालिकाभित्र रहेका सार्वजनिक जग्गाको लगत संकलन कार्यका लागि आवश्यक कर्मचारीको व्यवस्था गरी सार्वजनिक तथा सरकारी जग्गाको पहिचान र संरक्षण गर्ने कार्य गरिनेछ ।

(च) हालसम्म निर्मित सम्पूर्ण कानूनहरुमा आवश्यक सुधार गरी एकीकृत कानूनी संगालो प्रकाशन गरिनेछ ।

(छ) गाउँसभाको पहिलो अधिवेशन सञ्चालन भएको ऐतिहासिक दिन **असार २५** लाई **महाशिला स्थापना दिवस**को रुपमा यसै वर्षदेखी मनाउन सुरु गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**१५. अन्त्यमा,**

**समृद्ध महाशिला, समुन्नत महाशिलाबासी** बनाउने हामी सबैको साझा संकल्प र प्रणलाई कार्यान्वयनका लागि स्थानीय तहको दोश्रो आमनिर्वाचनमार्फत हामी गाउँसभाका सदस्यहरुलाई दिनुभएको अवसरलाई सम्भावनाको रुपमा लैजाने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि विभिन्न समय र माध्यमबाट सुझाव प्रदान गर्नुहुने गाउँपालिकाभित्र क्रियाशिल सम्पूर्ण राजनीतिक दलहरु, राजनीतिक दलका प्रतिनिधीहरु, आम समुदायका व्यक्तित्वहरु, सञ्चारकर्मी तथा सम्पूर्ण शुभेच्छुकहरुप्रति आभार प्रकट गर्दछु । गाउँसभाको बिसौं अधिवेशन तयारी, सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सहयोग गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**